# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## कुमाख गाउँपालिका

### सल्यान




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## कुमाख गाउँपालिका

### सल्यान




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## कुमाख गाउँपालिका

सल्यान

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना,

कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण निर्देशनलय, कर्णाली प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५४

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
कुमाख गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सल्यान ।

**कैफियत सहितको राय**

हामीले कुमाख गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू १ करोड २८ लाख ३४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ९ लाख ७४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४८ लाख ९० हजार, नियमित गर्नुपर्ने रु ६९ लाख ७० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ११ करोड ७१ लाख ५४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १२ करोड ४२ लाख ९६ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(...............)

नायब महालेखापरीक्षक

### कुमाख गाउँपालिका, सल्यान

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४९ | ४१ | १२८३४ | ० | ० | ० | ४९ | ४१ | १२८३४ | ९७४ | ६९७० | ४८९० | ० | ० | ११८६० | ० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कुमाख गाउँपालिका, सल्यान | ११७१५४ | ० | ५६९२ | १११४६२ | ० | १२८३४ | १२४२९६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : कुमाख गाउँपालिका, सल्यान , कुमाख गाउँपालिका , सल्यान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Jagat Bahadur Gharti | २०७५-३-२० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Yadu Gahatraj | २०७८-१-२३ | हाल सम्म कार्यरत |
| | | बेरुजु रकम | १२,८३३,५६४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९,७२,२१,२५४.१८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४०,६१,०३,८५६.५८ | **चालु खर्च** | ३३,११,१८,५२७.६१ |
| **प्रदेश सरकारबाट अनुदान** | ५,००,४०,८८५.६९ | **पूँजीगत खर्च** | २२,४५,०१,४८८.९ |
| **राजश्व बाँडफाँट** | ८,१२,७५,४६२.२४ | **वित्तीय/अन्य व्यवस्था** | ४,३३,००,६४८.५ |
| **आन्तरिक आय** | ५४,७०,२३४.३१ | | |
| **अन्य आय** | ५,९२,९०,१८८.५६ | | |
| **कुल आय** | ६०,२१,८०,६२७.३८ | **कुल खर्च** | ५९,८९,२०,६६५.०१ |
| **बाँकी मौज्दात** | | १०,०४,८१,२१६.५५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | .<br>उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरुसँग मिति २०७९।५।२९ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्: | |
| २ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, १७७.२७ वर्ग किलोमिटर क्षेत्रफल तथा २४ हजार ९७२ जनसंख्या रहेको छ । | |
| ३ | | | **सञ्चितकोषको हिसाबः**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः<br><br>**आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२** | |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोभै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोभै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५०,६२,६२,७४७ | ४४,०६,५१,७८४.६९ | | ४४,०६,५१,७८४.६९ | ४५,४४,७४,६८३.१२ | | ४५,४४,७४,६८३.१२ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४९,२२,६२,७४७ | ४१,६७,२४,८०५.१३ | ० | ४१,६७,२४,८०५.१३ | ४३,४९,८९,५८१.६९ | ० | ४३,४९,८९,५८१.६९ |
| ११००० कर | ११ | ८,५१,३५,७४७ | ८,१८,९२,२६७.२४ | ० | ८,१८,९२,२६७.२४ | ७,०३,३५,८३२.८२ | ० | ७,०३,३५,८३२.८२ |
| १३००० अनुदान | | ४०,४७,२७,०० | ३२,९९,७९,१०८.५८ | ० | ३२,९९,७९,१०८.५ | ३६,०६,९१,५२७ | ० | ३६,०६,९१,५२७ |

 https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ० | | | ८ | | | | |
| | | | संघीय सरकार | १२ | ३६,२६,४८,००० | २९,८६,९८,६०५.५८ | ० | २९,८६,९८,६०५.५८ | ३४,०१,०५,११० | ० | ३४,०१,०५,११० | |
| | | | प्रदेश सरकार | १२ | ४,२०,७९,००० | ३,१२,८०,५०३ | ० | ३,१२,८०,५०३ | २,०५,८६,४१७ | ० | २,०५,८६,४१७ | |
| | | | १४००० अन्य राजस्व | | २४,००,००० | ४८,५३,४२९.३१ | ० | ४८,५३,४२९.३१ | ३९,६२,२२१.८७ | ० | ३९,६२,२२१.८७ | |
| | | | ख. अन्य प्राप्ति | | १,४०,००,००० | २,३९,२६,९७९.५६ | | २,३९,२६,९७९.५६ | १,९४,८५,१०१.४३ | | १,९४,८५,१०१.४३ | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ८,०८,१४५ | ० | ८,०८,१४५ | ० | ० | ० | |
| | | | कोषहरु | | १,४०,००,००० | १,७०,०७,८५२.९६ | ० | १,७०,०७,८५२.९६ | १,६६,४३,४१२ | ० | १,६६,४३,४१२ | |
| | | | धरौटी | | ० | ६१,१०,९८१.६० | ० | ६१,१०,९८१.६० | २८,४१,६८९.४३ | ० | २८,४१,६८९.४३ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ५९,०३,७५,८०० | ४३,७३,८१,८२२.३२ | | ४३,७३,८१,८२२.३२ | ३७,६१,२८,५०८.९९ | | ३७,६१,२८,५०८.९९ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५७,६३,७५,८०० | ४२,९४,५४,३८२.८२ | | ४२,९४,५४,३८२.८२ | ३६,५८,६३,२५८.८८ | | ३६,५८,६३,२५८.८८ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १२,७१,७६,८५५ | ११,६४,८८,७२९.१२ | ० | ११,६४,८८,७२९.१२ | ३,०६,७१,३४०.७९ | ० | ३,०६,७१,३४०.७९ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १३,०५,९६,१४५ | ८,६१,६३,२६७.५५ | ० | ८,६१,६३,२६७.५५ | ८,१८,४८,६७८.२१ | ० | ८,१८,४८,६७८.२१ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | २,६७,८०,००० | २,१५,७१,५७९.९४ | ० | २,१५,७१,५७९.९४ | ११,४७,४०,६४२.७० | ० | ११,४७,४०,६४२.७० | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | २,२४,१५,००० | १,०७,५३,८२२ | ० | १,०७,५३,८२२ | १,८०,२७,८८६.४० | ० | १,८०,२७,८८६.४० | |
| | | | २८००० अन्य खर्च | १८ | ८६,०७,८०० | ८०,८५,६२३ | ० | ८०,८५,६२३ | १३,०७,५७० | ० | १३,०७,५७० | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २६,०८,००,००० | १८,६३,९१,३६१.२१ | ० | १८,६३,९१,३६१.२१ | ११,९२,६७,१४०.७८ | ० | ११,९२,६७,१४०.७८ | |
| | | | ३३००० दायित्व | १८ | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | घ. अन्य भूक्तानी | | १,४०,००,००० | ७९,२७,४३९.५० | | ७९,२७,४३९.५० | ३७,६१,२८,५०८.९९ | | ३७,६१,२८,५०८.९९ | |
| | | | कोषहरु | | १,४०,००,००० | ५७,३२,२२४.०९ | ० | ५७,३२,२२४.०९ | ९२,९४,०५९.११ | ० | ९२,९४,०५९.११ | |
| | | | धरौटी | | ० | २२,०२,८८०.४१ | ० | २२,०२,८८०.४१ | ९,७१,१९१ | ० | ९,७१,१९१ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (७,६६५) | | (७,६६५) | | | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | (८,४१,१३,०५ | ३२,६९,९६२.३७ | | ३२,६९,९६२.३७ | ७,८३,४६,१७४.१३ | | ७,८३,४६,१७४.१३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| बिषय | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ३) | | | | | | |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ९,७२,११,२५४.१८ | | ९,७२,११,२५४.१८ | ५,६३,६४,५०३.४० | | ५,६३,६४,५०३.४० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (८,४१,१३,०५३) | १०,०४,८१,२१६.५५ | | १०,०४,८१,२१६.५५ | १३,४७,१०,६७७.५३ | | १३,४७,१०,६७७.५३ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १०,२१,८७,८४४.५५ | | १०,२१,८७,८४४.५५ | १२,२९,२४,६२७.५५ | | १२,२९,२४,६२ |

गाँउपालिकाले पेश गरेको वित्तिय विवरणमा समावेश नभएका खर्च शिर्षकहरु निम्नानुसार रहेका छन्ः

| क सं | खर्च शिर्षक | बजेट | निकासा/ खर्च |
|---|---|---|---|
| १ | ३०१००१०२४-मुख्यमन्त्री रोजगार, उद्यमशिलता तथा आय आर्जन कार्यक्रम | 19885000 | 18671582.69 |
| 2 | ३०१००१०२3-मुख्यमन्त्री रोजगार, उद्यमशिलता तथा आय आर्जन कार्यक्रम | 105000 | 88800 |
| 3 | ३१४०१०१२३-सामाजिक सुरक्षा तथा संरक्षण | 91211664 | 87966706 |
| 4 | एकिकृत स्वास्थ् पूर्वाधार विकास कार्यक्रम | 22500000 | 19438545 |
| | जम्मा | 133701664 | 126165633.69 |

राजश्व तर्फः

| राजश्व | | | | |
|---|---|---|---|---|
| ४ | विवरण | आम्दानी | दाखिला | बाँकी |
| | विभिन्न | 35363209 | 35363209 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **लेखापरीक्षण क्रममा असुलीः**<br>**लेखापरीक्षणको क्रममा पारीश्रमिक कर, अग्रिक कर र बढी भुक्तानी रु.१६६०१२। असुल भई राजश्व दाखिला भएको छ ।** | |
| ५ | | | **वित्तीय विवरण परीक्षणः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.१ | | | **जिम्मेवारी फरक परेकोः** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.१००२६७०८३.०७ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.९७२११२५४.१८ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३०५५८२८.०९।घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. | ३,०५५,८२८ |
| ५.२ | | | **वित्तीय विवरण विश्लेषणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः • त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । स्थानिय तहले बैक समायोजन हिसाव खाता राखेको छैन। जसबाट स्थानिय तहको आसार मसान्तको बैक मौज्दात रु.१०२१८७८४४.५५ र श्रेस्ताको मौज्दात रु.१००४८१२१६।५५ देखिएकोले रु.२००६६२८। ले फरक देखिएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.३ | | | **बैक हिसाब मिलान नगरेकोः** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण (म.ले.प.फा. नं. २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको कुनै पनि खाताको बैंक हिसाब मिलान विवरण तयार गरेकोले गर्दा स्रेस्ता भन्दा बैक रु.६९२३१३६३.७९ ले घटी देखिएको छ । अतः पालिकाले बैक हिसाव यकिन गर्न बैक हिसाव मिलान विवरण तयार गर्नु पर्ने हुन्छ । | |

| सि.नं. | खाताको नाम | स्रेस्ता अनुसार बाँकी | बैक अनुसार बाँकी | फरक रकम |
|---|---|---|---|---|
| 1 | ग.२.१ चालु खर्च खाता –विजोर वर्ष | 455212.05 | 84333298 | -83878085.95 |
| 2 | ग २.३ पुँजिगत खर्च खात-विजोर वर्ष | 11296229.95 | 59886453.74 | -48590223.79 |
| 3 | ग २.७ विविध खर्च खाता | 1291294 | 1278590 | 12704 |
| 4 | ग ४.१ स्थानिय तह सञ्चित कोष खाता | 71395346.06 | 14382917.09 | 57012428.97 |
| 5 | ग ७.२ स्थानिय तह प्रकोष व्यवस्थापन कोष खाता | 9984334.87 | 3772521.89 | 6211812.98 |
| | जम्मा | 94422416.93 | 163653780.7 | -69231363.79 |

१) चालु खर्च खातामा बैकमा रु.८४३३३२९८.६५ रहेपनि साट्न बाँकी चेक रु.८८८७८०८६.६ रहेकोले सो खातामा रु.५००००००। सो खातामा ट्रान्सफर गरिएको पाइयो । यसरी खर्च खाताको चेक काट्दा सो खातामा रहेको भन्दा बढीको चेक काटिनु उचित देखिएन । २) स्थानिय तह संचित कोषको बैक खातामा रकम कम देखिएको छ । यसो हुनुमा संचित कोष बाट रु.५००००००। चालु खर्च खातामा ट्रान्सफर तथा श्रावण महिनामा रु.५२०१२४२८.९७ पुँजिगत खातामा ट्रान्सफर गरेको भनिएता पनि मौज्दात मिलेको पाइएन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.४ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ दफा २५ र नियमावली २०७७को नियम ३९ मा भुक्तानीलाई व्यवस्थित र प्रभावकारी बनाउन म.ले.फा. २०२ को व्यवस्था छ ।भुक्तानीको लागी विल भर्पाइ र आवश्यक कागजात संलग्न गरी प्राविधिक तथा अन्य शाखाबाट भुक्तानी कारोबारको सिफारिस पत्र (म.ले.प.फा.न २०२) सिफारिस भै आर्थिक प्रशासन शाखामा प्राप्त भएपछि भुक्तानी गर्नु पर्नेमा सो गरेको पाइएन । | |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ६.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको पाइएन<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ अनुसारको खरिद गुरुयोजना योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.२ | | | • सूचना प्रविधी पद्वतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरेको पाइएन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको पाइएन । | |
| ६.३ | | | म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका बेरुजुका निम्न फारमहरु अद्यावधिक गरी राखेको पाइएनः<br>• म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन र म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख | |
| ६.४ | | | • म. ले. प. फाराम नं ९०६ बमोजिम सवारी साधन मर्मतको अभिलेख अद्यावधिक गरी राखेको पाइएन । | |
| ६.५ | | | • भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको भएतापनि म. ले. प. फाराम ९०७ र ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख खाता राखेको पाइन । | |
| ७ | | | **बजेट तथा कार्यक्रमः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.१ | | | **क्षेत्रगत बजेट र खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्यक्षेत्र | वार्षिकवजेट | खर्चरकम | कुलखर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 31790000 | 20890442 | 4.86 |
| सामाजिक क्षेत्र | 278612000 | 212428705.2 | 49.46 |
| पूर्वाधार विकास क्षेत्र | 121485000 | 91923175.59 | 20.4 |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 15500000 | 12428701.9 | 2.89 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 1291788000 | 91783355.01 | 21.37 |
| जम्मा | | | 100 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७.२</td><td></td><td></td><td>योजना र कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः
<table>
<tr><th>क्र सं</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>1</td><td>1 लाख भन्दा कमका योजनाहरु</td><td>52</td><td>4611781</td></tr>
<tr><td>2</td><td>1 देखि 5 लाख सम्मको योजनाहरु</td><td>115</td><td>20022453</td></tr>
<tr><td>3</td><td>५ देखि १० लाख सम्मको योजनाहरु</td><td>61</td><td>19293993.82</td></tr>
<tr><td>4</td><td>10 देखि 50 लाख सम्मको योजनाहरु</td><td>20</td><td>17280000</td></tr>
<tr><td>5</td><td>50 देखि माथिको योजनाहरु</td><td>11</td><td>22750000</td></tr>
<tr><td></td><td>जम्मा</td><td>259</td><td>83958227.82</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७.३</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु.४५५२१२। पुजीगत खर्च खातामा रु. ११२९६२२९.९५ र विभाज्यकोषमा रु.८०८१४५। समेत गरी रु.१२५५९५८६.९५ मौज्दात रहेको पाईयो ।</td><td></td></tr>
<tr><td>७.४</td><td></td><td></td><td>कार्यक्रम तथा प्रगतिः तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ । पूँजीगत कार्यक्रम तर्फ कम प्रगति भएका केही उदाहरण देहायअनुसार छन्:
<table>
<tr><th>सि.नं.</th><th>कार्यक्रम/आयोजना</th><th>विनियोजन</th><th>खर्च</th></tr>
<tr><td>1</td><td>शहीद स्मृति अस्पतालमा भिडियो एक्सरे तथा इसिजि उपकरण खरिद</td><td>२,००,०००</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 2 | गाउँपालिका डिजिटल बोर्ड निर्माण खर्च | ५,००,००० | ० | | |
| | | | | 3 | कृषि क्षेत्र विकास कार्यक्रमको साझेदारीमा सामुदायिक कृषि प्रसारसेवा केन्द्र सस्थापना | ३,००,००० | ० | | |
| | | | | 4 | भण्डारखोला लिफ्ट खानेपानि योजना | १०,००,००० | ० | | |
| | | | | 5 | पाइप खरिद | ५,००,००० | ० | | |
| | | | | 6 | 50 प्रतिशत अनुदानमा बाख्रा खोर निर्माण | ५,००,००० | ० | | |
| | | | | 7 | कृषि क्षेत्रको विकास कार्यक्रम र कुमाख गाउपालिकाको साझेदारीमा सामुदायिक कृषि प्रसार ◌इकाइ भवन निर्माण | ३,००,००० | ० | | |
| | | | | 8 | अन्य सार्वजनिक निर्माण खर्च गत आ व का विभिन्न अधुरा आयोजना सम्पन्न गर्नको लागि खर्च | ८०,००,००० | ० | | |
| | | | | 9 | खोप भवन फिनिसिङ सेराडाँडा | १,५०,००० | ० | | |
| | | | | 10 | बडागाउदेखि चिसापानीसम्म फईवरको लागि पोल खरिद | २,००,००० | ० | | |
| | | | | 11 | लेखा र स्टोर शाखामा काउन्टर र र्‍याक निर्माण | ४,००,००० | ० | | |
| | | | | 12 | पुजिगत अनुसन्धान तथा परामर्श | २,२०,००० | ० | | |
| | | | | 13 | भैपरी आउने पूँजीगत | ५,७३,००० | ० | | |
| | | | | 14 | १ नं वडा कार्यालय भवन निर्माण | २०,००,००० | ० | | |
| | | | | 15 | गैरागाउँ खा.पा नाउला मुहान व्यवस्थापन | १,००,००० | ० | | |
| | | | | 16 | साधनमुढाचौर खा पा धारा निर्माण | १,००,००० | ० | | |
| | | | | 17 | नैनथला खानेपानीमा GI पाईप र फिटिङ सामाग्री खरिद | ७५,००० | ० | | |
| | | | | 18 | बालबालिकाका हाजिरी जबाफ कार्यक्रम | २०,००० | ० | | |
| | | | | 19 | सिमखेत देखि गाँउपाखा सडक निर्माण | २,००,००० | ० | | |
| | | | | 20 | हात्ति बसे गात्तिना सडक निर्माण | ५,००,००० | ० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 21 | कुनाखोला सिचाई योजना | २,००,००० | ० | | |
| | | | | 22 | रोगेचौर बजार सडक मोड मर्मत | ५,००,००० | ० | | |
| | | | | 23 | मर्मखोला सल्याप पुल निर्माण | ४,००,००० | ० | | |
| | | | | 24 | नम्रैना देखी हारभिर सडक निर्माण | ३,००,००० | ० | | |
| | | | | 25 | ज्यूला खानेपानी इन्टेक मर्मत | १,००,००० | ० | | |
| | | | | 26 | जनजागृति आ वि थदरमा शैक्षिक अनुदान | १,००,००० | ० | | |
| | | | | 27 | बेलखेत सिचाई कुलो निर्माण | २,००,००० | ० | | |
| | | | | 28 | जुकेपानी खानेपानी ट्याँकी मर्मत | ७५,००० | ० | | |
| | | | | 29 | जुगेपानी देखी जनकल्याण आ.वि. कोर्ति खानेपानी निर्माण | १,००,००० | ० | | |
| | | | | 30 | वडा कार्यालय घेरावार | ५,००,००० | ० | | |
| | | | | 31 | वडा कार्यालय घेरबार थप रकम | २,००,००० | ० | | |
| | | | | 32 | जनजागृत आवि थदरा भवन फिनिसिङ्ग | ७,००,००० | ० | | |
| | | | | 33 | 5 नं. वडा कार्यालय भवन निर्माण | १५,००,००० | ० | | |
| | | | | 34 | चम्फुटाकुरा वाल्या सडक निर्माण | १,००,००० | ० | | |
| | | | | 35 | वडागाउँ स्वास्थ्य चौकीमा ल्याव सेवा व्यवस्थापन | २,५०,००० | ० | | |
| | | | | 36 | कालिका आ.वि फिल्ड निर्माण | ३,००,००० | ० | | |
| | | | | 37 | ठुलिजिमालिमा विद्युत सहायक लाइन विस्तार | १२,००,००० | ० | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७.५</td><td></td><td></td><td>

**चौमासिक खर्चः** कार्यालयले पूर्व स्वीकृत कार्यक्रम अनुसार योजना संचालन गरी सो अनुसार बजेट खर्च गरिनु पर्दछ । कार्यालयबाट प्राप्त कार्यक्रम तथा पुँजिगत तर्फको चौमासिक खर्च सम्बन्धी विवरणको स्थिति निम्नानुसार छ ।

<table>
<tr><td>ब.उ.शि.नं.</td><td>बार्षिक खर्च</td><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेश्रो चौमासिक</td><td>असाढ महिना</td></tr>
<tr><td>कुमाख गाउँपालिका</td><td>122067</td><td>13587</td><td>56326</td><td>52153</td><td>19061</td></tr>
<tr><td>संघिय सरकार हस्तान्तरित</td><td>47486</td><td>0</td><td>3647</td><td>43838</td><td>32603</td></tr>
<tr><td>प्रदेश सरकार हस्तान्तरित</td><td>16837</td><td>0</td><td>3647</td><td>43838</td><td>32603</td></tr>
<tr><td>जम्मा</td><td>186390</td><td>13587</td><td>63620</td><td>139829</td><td>84267</td></tr>
<tr><td>खर्च प्रतिशत</td><td></td><td>7.28</td><td>34.13</td><td>75.01</td><td>45.21</td></tr>
</table>

तालिका अनुसार कुल खर्चमध्ये प्रथम चौमासिकमा ७.२८% र दोस्रो चौमासिकमा ३४.१३% खर्च भएको र तेस्रो चौमासिकमा ७५.०१% त्यसमा पनि असार महिनामा मात्र ४५.२१% खर्च भएको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा मात्र बढि भार पर्ने गरी पुँजिगत खर्च गरेको पाइयो । यसले गर्दा जोखिमका क्षेत्र बढ्न सक्ने, अनुगमन र सुपर्भिजनमा कठिनाई हुने र गुणस्तरमा समेत प्रभाव पार्न सक्ने देखिएकोले स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा तोकिएको लक्षित कार्य सोही अनुरुप सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

</td><td></td></tr>
<tr><td>७.६</td><td></td><td></td><td>

**बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री डिल्लीराज जैसीले २०७८।३।१० गते रु.४९ करोड ५० लाख २ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.७ | | | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.५५१९३३४.३१। राजस्व बाँडफाँड र अनुदानबाट रु.४६५९०२९३३.२४ समेत रु.४७१४२२२६७.५५ आम्दानी भएकोमा चालु तर्फ रु.२४३०६३०२१.६१ र पूँजिगत तर्फ रु.१८६३९१३६१.२१।समेत रु. ४२९४५४३८२.८२। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.५३६६०११। खर्च भएको छ जुन आन्तरिक आयको ९७.२२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५२.१७ प्रतिशत चालु र ४० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| ८ | | | **कानून निर्माण एवं कार्यान्वयनः** | |
| ८.१ | | | **कानून निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १० ऐन, ५नियमावली, २५ कार्यविधि समेत ४० कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । | |
| ८.२ | | | **न्यायीक समितिः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २७ र यो बर्ष थप भएको १६० गरी कुल १८७ विवाद दर्ता भएकोमा १६७ वटा मात्र फछ्र्यौट भई २० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ९ | | | **संगठन तथा कर्मचारी व्यवस्थापनः** | |
| ९.१ | | | **कर्मचारी दरबन्दीः** कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था बमोजिम पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको छ । सेवा प्रवाहका लागि प्राविधिक तर्फ ११ र प्रशासनिक तर्फ २२ समेत ३३ कर्मचारीको दरबन्दी स्विकृत भएकोमा क्रमश ३ र १४ समेत १७ पदपूर्ती भइ प्राविधिक तर्फ ८ जना र प्रशासनिक तर्फ ८ गरी १८ पद रिक्त रहेको पाइयो दरबन्दी अनुसार पदपूर्ती गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.२ | | | **तलबी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नु पर्नेमा कार्यालयले तलबी प्रतिवेदन पारित नगरी बार्षभरीमा रु.९८६०४८३। खर्च लेखेको पाइयो । अतः कर्मचारीलाई तलब भत्ता भुक्तानी गर्दा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्दछ । | |
| ९.३ | | | **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ८ पदमा ६० जना कर्मचारीहरु करारमा राखी रु.२१२५२५०९।६७ खर्च लेखेको छ । | |
| १० | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ताः** | |
| १०.१ | | | **आर्थिक सहायताः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले बाढी पिडित, औषधि उपचार, विरामि, आगलागी आदी प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.४७२३००। आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०.२</td><td></td><td></td><td>झोलुंगे पुल निर्माणमा लागतको बाडफाँडः झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम निर्देशिका, २०६६ को परिच्छेद ९ को बुदाँ नं. ९.७ मा झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत संचालित कर्यक्रमको लागि सरोकारवालाहरुको कूल लागतमा (लट्ठा र वुल्डग ग्रिप्स समेत) छोटोतरिको नयाँ निर्माणमा नेपाल सरकार क्षेत्रगत कार्यक्रमको ९२%, सम्वन्धित पालिकाको ६ प्रतिशत र समुदायको योगदान बढीमा २ प्रतिशत गरी १०० प्रतिशत लागत व्यहोर्नु पर्ने उल्लेख छ । पालिकाले यस आ.व. मा देहायका छोटोतरिको झोलुङ्गे पुल निर्माण गरेकोमा संझौतामा पालिकाको समपुरक कोषबाट ६ प्रतिशत रकम व्यहोर्ने भनिएता पनि निम्न पुल निर्माणमा संझौता बमोजिमको ६ प्रतिशत रकम समपुरक कोषवाट खर्च नगरी संघिय कार्यक्रमवाट नै खर्च भएको पाइयो । यसरी खर्च भएको रकम फिर्ता दाखिला गर्नुपर्ने रु.<br><br>
<table>
<tr><th>क्र.स.</th><th>योजनाको नाम</th><th>भुक्तानी रकम</th><th>गा.पा.को ६ प्रतिशतले हुने रकम</th></tr>
<tr><td>१</td><td>भण्डार खोला ट्रस पुल निर्माण</td><td>1555591</td><td>93335</td></tr>
<tr><td>2</td><td>थदरा झोलुङे पुल निर्माण</td><td>2065369</td><td>123922</td></tr>
<tr><td>3</td><td>इख्राखोला झो.पु</td><td>1840433</td><td>110845</td></tr>
<tr><td>4</td><td>थापाचौर ट्रसपुल निर्माण</td><td>461474</td><td>27688</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>355790</td></tr>
</table></td><td>३५५,७९०</td></tr>
<tr><td>१०.३</td><td></td><td></td><td>फिर्ता गर्न बाँकी अनुदानः संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा निम्नानुसारको रकम संघिय तथा प्रदेश सरकारको सञ्चितकोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । प्रदेश स्रोत तर्फको आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको सर्सत अनुदान चालु र विषेश अनुदान पुँजिगत गरी रु. १४९७७७। बाँकी रहेकोमा निकासा फिर्ता गरेको नपाइएकोले फिर्ता गरेको प्रमाण पेश गर्नु पर्ने रु.</td><td>१४९,७७७</td></tr>
<tr><td>११</td><td></td><td></td><td>राजस्व आन्तरिक नियन्त्रणः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.१ | | | **राजश्व तर्फः** गाउँपालिकाको राजश्वको लेखापरीक्षण गर्दा निम्नानुसार व्यहोरा देखिएका छन् । पालिकाले गत वर्षमा प्रयोग भइ बाँकी रहेका नगदि रसिद ४६८ र मालपोत रसिद ४४७ ठेली बाँकी रहेको यस आ.ब मा प्रयोगमा ल्याएको पाइयो । रसिद प्रयोगमा ल्याउँदा क्रमसँग नभइ विच विचमा प्रयोगमा ल्याएको पाइयो । आर्थिक कार्यबिधि तथा वितिय उतरदायित्व नियमावली २०७७ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्वव रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिनसम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूर को मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। कार्यालय अन्तर्गत ७ वटा वडाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला नगरी वर्षमा ३/४ पटक दाखिला गरेको पाइयो । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्ने गतवर्षको लेखापरीक्षणमा औंल्याएकोमा पनि यस वर्षपनि सुधार भएको नपाइएकाले सुधार तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| ११.२ | | | **गिट्टी, ढुंगा, बालुवाको कर:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेको देखिन्छ। सो अनुसार कार्यालयले यस वर्ष विभिन्न फर्मबाट नदिजन्य पदार्थ विक्रियापत रु.८०८१४५। संकलन गरेकोमा सो को ४० प्रतिशत रकम रु.३२३२५८।प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ३२३,२५८ |
| ११.३ | | | **आन्तरिक आयः** गाउँपालिकाले यो वर्ष ढुंगा गिटी वालुवाको निकासी गर्नका भेरी घाट १, भरी घाट२, त्रिवेणी खोला घाट वडा नं.३, भण्डार खोला घाट वडा नं.२, चिसापानी खोला घाट वडा नं.४ र सानी पिप्ले खोला घाट वडा नं.४ बाट ११४४२.५ घ.मि उत्खननको लागि मिति २०७८।७।२६मा सुचना प्रकाशन गरेकोमा खैरवाङ निर्माण सेवा ले मु.अ.कर समेत रु.७१०४९६।८६ मा संझौता भएको थियो । निर्माण व्यवसायीको मिती २०७८।८।२७ मा रु.४०१५००। र मिति २०७९।३।२९ मा रु.४०१३६५। गरी जम्मा रु.८०२८६५। गाउँपालिका खातामा दाखिला गरेको छ । निर्माण व्यवसायीले मु.अ.कर रु.९२३६५। गाउँपालिका खातामा रहेको तर राजश्व दाखिला नभएकोले सो रकम संघिय राजश्व खातामा दाखिला गर्नु पर्ने रु.<br><br>सुचनाको बुँदा नं.८ मा नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने आयकर तथा अन्य कर बोलपत्र दाता स्वयमले बुझाउनु पर्दछ भन्ने उल्लेख भएतापनि बोलपत्र दाता खैरवाङ निर्माण सेवाले कबोलअंक मु.अ.कर बाहेक रु.७१०४९६।८६ को १.५% रु.१०६५७। दाखिला गरेको प्रमाण संलग्न नभएकोले प्रमाण पेश गर्ने पर्ने रु. | १०३,०२२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११.४</td><td></td><td></td><td>एम्बुलेन्स आम्दानीः पालकाबाट संचालन गरिएको एम्बुलेन्सले यस आ.बमा रु.१०७३१००। आम्दानी गरेको पाइयो । निर्वाचन प्रकृयाबाट नया जनप्रतिनीधि पालिकामा आएपछि एम्बुलेन्स शुल्क नलिइ निशुल्क संचालन गर्ने निर्णय गरी संचालन गरेको पाइयो । पालिका भित्रका विरामीहरुलाई निशुल्क सेवा दिदा एम्बुलेन्स संचालन हुन नसक्ने इन्धन खर्च, मर्मत, चालकको तलब खर्च गर्न पालिकामा बजेट अभाव हुनेर एम्बुलेन्स संचालन हुन नसक्ने अवस्था सृजना हुने हुँदा कार्यविधि बनाइ शुल्क निर्धारण गरी एम्बुलेन्स संचालन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>११.५</td><td></td><td></td><td>आन्तरिक आयः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा २७ वमोजिम प्रचलित कानुनवमोजिम नेपाल सरकारलाइ प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछी सोही दिन र सोहि दिन सम्भव नभए सो को भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढांचामा राजश्व लेखा राखी बैंक दाखिला गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाका वडाहरुमा उठेको राजश्व रकम ढिला गरि दाखिला हुने गरेको पाइयो।समयमै दाखिला नगर्ने कर्मचारीलाइ कार्वाही गरि दाखिला समयमै गराउने तर्फ पालिकाले विशेष ध्यान दिनुपर्दछ ।आ.व २०७८।७९ मा पालिकामा निम्नानुसार राजश्व सकंलन भएको देखिन्छ।
<table>
<tr><th>शिर्षक</th><th>असुली रकम</th><th>दाखिला रकम</th></tr>
<tr><td>सम्पत्ती वहाल तथा पट्टा वापतको आयमा लाग्ने कर</td><td>1400000</td><td>1151955</td></tr>
<tr><td>भुमीकर/मालपोत कर</td><td>2000000</td><td>535397.83</td></tr>
<tr><td>घरवहाल कर</td><td>500000</td><td>81407.17</td></tr>
<tr><td>अन्य सेवा शुल्क तथा विक्री</td><td>200000</td><td>3656174.31</td></tr>
<tr><td>अन्य प्रशासनिक सेवा शुल्क</td><td>200000</td><td>0</td></tr>
<tr><td>व्यवसाय कर</td><td>300000</td><td>8500</td></tr>
<tr><td>जम्मा</td><td>4600000</td><td>5433434.31</td></tr>
</table>
राजश्व अनुमान र असुली मिल्ने गरी अनुमान यथार्थपरक बनाउने तर्फ ध्यान ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ११.६ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको छैन । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय। अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्नेमा गरेको देखिएन । | |
| १२ | | | **सम्पत्ति उपयोग र संरक्षणः** | |
| १२.१ | | | • साविक गाउँपालिका / नगर पालिकाका, संघीय विषयगत कार्यालयको सम्पत्ति र साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक गरी राख्नु पर्नेमा अद्यावधिक गरेको पाइएन । | |
| १२.२ | | | **जिन्सी व्यवस्थाः** कर्णालीप्रदेश आथिक कार्यविधि ऐन, को दफा ४७ मा कार्यालयमा प्राप्त हुने सबै धनमाल र जिन्सी सामानको संरक्षण गर्नु जिम्वेवा व्यक्तीको हुने उल्लेख गरेको छ । पालिकाको जिन्सी निरिक्षण प्रतिवेदनमा ल्यापटप ६ र प्रिन्टर १ मर्मत गर्नु पर्ने तथा ल्यापटप ३, प्रिन्टर २, हिटर ५, टेवुल पंखा ६, मोवाइल ५, टेवुल २, कम्प्युटर टेवल १ आदी सामानको लिलाम गर्नु पर्ने उल्लेख गरेता पनि पालिकाले सो तर्फ कार्य अगाडी बढाएको नपाइएकोले प्रतिवेदनमा उल्लेख गरीएको विषय बस्तुको पालना तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| १२.३ | | | • सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख नभएको र सम्पतिको संरक्षण र उपयोग सम्बन्धि नीति र मापदण्ड बनेको पाइएन । | |
